# बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७५/७६

**( FY 2018/19)**

# नेपाल राष्ट्र बैंक

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## २०७६

# विषय-सूची

## खण्ड (क)
## पृष्ठभूमि एवं नियमन व्यवस्था


१. नियमन व्यवस्था ३


## खण्ड (ख)
## स्थलगत निरीक्षण


१. समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु ९


## खण्ड (ग)
## गैरस्थलगत सुपरिवेक्षण


१. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्रदान गर्दा दिइएका निर्देशनहरु ११


## खण्ड (घ)
## विशेष, अनुगमन तथा अन्य निरीक्षण


१. विशेष निरीक्षण २८

२. अनुगमन निरीक्षण २८


## खण्ड (ङ)
## कार्यान्वयन


१. निर्देशन तथा कारवाहीहरु २९


## खण्ड (च)
## नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि


१. जनशक्ति ३३


## अनुसूचीहरु


अनूसूची- १ वित्त कम्पनीहरूको सूची ३४

अनुसूची- २ वित्त कम्पनीहरूको प्रमुख वित्तीय परिसूचकहरू ३५

# खण्ड (क)
# पृष्ठभूमि एवं नियमन व्यवस्था

## खण्ड (क)

# पृष्ठभूमि एवं नियमन व्यवस्था

## १. पृष्ठभूमि

नेपाल राष्ट्र बैंक ऐन, २०५८ का उद्देश्यहरु हासिल गर्न सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने क्रममा सोही ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) ले प्रदान गरेको जिम्मेवारी बहन गर्दै बैंकिङ्ग तथा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त वित्त कम्पनीहरुको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन कार्य नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभागले उक्त ऐनको दफा ८४ को परिधिभित्र रही सम्पादन गर्दै आएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको समग्र कारोवारलाई निरीक्षण तथा सुपरिवेक्षण गर्न २०६८ सालसम्म नेपाल राष्ट्र बैंकको संरचनामा बैंक सुपरिवेक्षण विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभाग रहेकोमा वित्तीय संस्थाहरुको कारोवार क्षेत्र र कार्य प्रकृतिको आधारमा वित्तीय संस्था सुपरिवेक्षण विभागलाई विकास बैंक सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभाग गरी २ वटा विभागमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ । आर्थिक वर्ष २०७५/७६ मा यस विभागको सुपरिवेक्षकीय दायरा अन्तर्गत रहेका १७ वटा वित्त कम्पनीहरुको समष्टिगत स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण गरिएको छ । विभागको काम कारवाहीलाई व्यवस्थित गर्न स्थलगत सुपरिवेक्षण तथा कार्यान्वयन इकाई, गैर स्थलगत सुपरिवेक्षण इकाई, नीति तथा योजना इकाई र आन्तरिक प्रशासन इकाई गरी ४ वटा इकाईहरुमा विभाजित गरी कार्य सम्पादन गर्दै आएकोमा गभर्नर डा. चिरंजिबी नेपालज्यूको अध्यक्षतामा मिति २०७४/१२/१५ मा बसेको यस बैंकको सञ्चालक समितिको बैठक संख्या ६२/२०७४ बाट समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा खारेज गरी पाँच वटा समस्याग्रस्त संस्थाहरुको अनुगमन सुपरिवेक्षण र रिजोलुसन सम्बन्धी कार्यहरु यस विभागबाट सम्पादन गर्ने निर्णय बमोजिम रिजोलुसन इकाई गठन गरी जम्मा पाँच वटा इकाईमा विभाजन गरी कार्य सम्पादन हुँदै आएकोमा हाल पाँच वटा समस्याग्रस्त संस्थाहरुको अनुगमन सुपरिवेक्षण र रिजोलुसन सम्बन्धी कार्य हुँदै आएको छ । नेपाल राष्ट्र बैंकले “क” वर्गका वाणिज्य बैंकहरुको जोखिममा आधारित सुपरिवेक्षण गर्न प्रारम्भ गरिसकेको र अन्य वर्गका वित्तीय संस्थाहरुको समेत सोही पद्धति अनुसार सुपरिवेक्षण गर्नु उपयुक्त देखिएको साथै, यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्वन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा “सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग)

निवारण ऐन, २०६४", "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३", बैंक तथा वित्तीय संस्था रिजोलुशन विनियमावली, २०७४ र नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन समेतलाई दृष्टिगत गरी सबै वित्त कम्पनीहरुको निरीक्षण र सुपरिवेक्षण कार्य केन्द्रीय बैंकले सुदृढ बनाउँदै लैजानु पर्ने देखिएको छ ।

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को परिच्छेद ८ को विनियम ४१ मा नीति योजना तथा विश्लेषण इकाईले प्रत्येक आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र विभागले सार्वजनिक जानकारीको लागि निरीक्षण तथा सुपरिवेक्षण गरेका वाणिज्य बैंक तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको हुँदा आ.व २०७५/७६ मा वित्त कम्पनी सुपरिवेक्षण विभागबाट सम्पादन भएका कार्यहरुलाई सुपरिवेक्षण प्रतिवेदनमा समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदन अनुसूची १ मा उल्लेखित "ग" वर्गको इजाजतपत्रप्राप्त गरी कायम रहेका २३ वटा वित्त कम्पनीहरुमध्ये यस विभागबाट आर्थिक वर्ष २०७५/७६ मा स्थलगत सुपरिवेक्षण सम्पन्न भएका १७ वटा वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण लगायतका क्रियाकलापसँग सम्बन्धित रहेको छ ।

## २. वित्तीय संस्थाहरुको सुपरिवेक्षणको प्रमुख उद्देश्य

- स्वस्थ्य र सक्षम वित्तीय प्रणालीको विकास गर्ने,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्ने,
- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानुन तथा निर्देशनहरूको पालना गर्न लगाउने,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गराउने,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्ने, र
- वित्तीय परिसूचक मार्फत देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी समाधानका उपयुक्त उपाय अवलम्वन गर्ने ।

## ३. निरीक्षण तथा सुपरिवेक्षणका आधार

वित्त कम्पनीहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता, संस्थागत सुशासन, प्रतिफलको दर, तरलता, वित्तीय स्वास्थ्य जस्ता पक्षहरूको देहायका आधारमा सुपरिवेक्षण गर्ने गरिएको छ :

- नेपाल राष्ट्र बैंक ऐन, २०५८,
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३,
- नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४,
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४", र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३,
- नियमन व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन/मार्ग निर्देशनहरु,
- स्थलगत/गैरस्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु,
- बासल समितिले निर्धारण गरेका बैंकिङ्ग सुपरिवेक्षण सम्बन्धी मापदण्डहरू,
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित सिद्धान्तहरू (Best International Practices),
- वित्त कम्पनीहरुको प्रबन्धपत्र, नियमावली, साधारण सभा र सञ्चालक समितिबाट पारित निर्णय, नीति तथा निर्देशिकाहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखामान पद्धति ।

## ४. नियमन व्यवस्था

यस बैंकबाट ईजाजतपत्रप्राप्त "ग" वर्गका वित्त कम्पनीहरूका लागि आर्थिक वर्ष २०७५/७६ मा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् :

| क.सं. | विषय | कायम गर्नुपर्ने व्यवस्था (प्रतिशतमा) |
|---|---|---|
| १ | **न्यूनतम पुँजी (जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक **पुँजी** | ५.५ |
| | पुँजीकोष | ११ |
| २ | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल (Pass) कर्जा/सापट (साँवा वा ब्याजले भाखा ननाघेको वा १ महिनासम्म भाखा नाघेको) | १ |
| | सुक्ष्म निगरानी (Watch list) (सावाँ वा व्याज तोकिएको अवधि भित्र भुक्तानी नभई १ महिनादेखि तीन महिनासम्म भाखा नाघेका कर्जा/सापट) | ५ |

| | | |
|---|---|---|
| | कमसल (Sub-standard) कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका) | २५ |
| | शंकास्पद (Doubtful) कर्जा/सापट (साँवा वा ब्याजले ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका) | ५० |
| | खराव (Loss) कर्जा/सापट (साँवा वा ब्याजले १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका) | १०० |
| | पुनरसंरचना वा पुनरतालिकीकरण गरिएको - ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाइएको) तथा पुनरसंरचना गरिएको - कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गरिएको) कर्जा/सापट | १२.५ |
| | व्यक्तिगत/संस्थागत जमानीमा मात्र प्रवाहित कर्जामा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था (रु.१५ लाख सम्मको व्यक्तिगत कर्जा बाहेक) | २० |
| ३ | **प्रतिग्राहक कर्जा सीमा (प्राथमिक पुँजीको आधारमा)** | |
| | कोषमा आधारित तथा गैरकोषमा आधारित दुवै कर्जाहरु गरी कुल सीमा | २५ |
| | जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजनाका लागि कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा | ५० |
| | घरजग्गा तथा रियल स्टेट कर्जा कुल कर्जा सापटको (१ करोड पचास लाखसम्मको व्यक्तिगत आवासीय घर कर्जाबाहेक) | २५ |
| ४. | **स्रोत परिचालन अनुपात (स्वदेशी मुद्रामा भएको निक्षेप तथा प्राथमिक पुँजी)मा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात (अधिकतम) ( CCD Ratio)** | ८० |
| | **लगानी सम्बन्धी सीमा** | |
| ५. | कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १० |
| | सबै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चर वा सामुहिक लगानी कोषमा ( बढीमा आफ्नो प्राथमिक पुँजीको प्रतिशत) | ३० |
| | संगठित संस्थाहरु ("घ" वर्गको वित्तीय संस्था बाहेक) को शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | १० |
| | "घ" वर्गको वित्तीय संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | २५ |
| | वित्तीय स्वार्थ भएको कम्पनीको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो प्राथमिक पुँजीको आधारमा कायम रहने सीमा | २० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुत गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | २० |
| | सबै संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुत गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | १०० |
| ६. | **साप्ताहिक अनिवार्य मौज्दात अनुपात (२ सप्ताह अघिको कुल निक्षेप दायित्वको आधारमा)** | ४ |
| ७. | **वैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कुल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | ७ |
| ८. | **वित्तीय स्रोत सङ्कलन सीमा** | |
| | सापटी श्रोत परिचालन (कुल निक्षेप दायित्वको आधारमा) | २५ |

| | | |
|---|---|---|
| | वित्तीय श्रोत (ब्याज वा विना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) को सङ्कलन (अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको आधारमा) | १५ (गुणा) |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट परिचालन गरिने संस्थागत निक्षेप दायित्व (कुल निक्षेप दायित्वको आधारमा) | १५ |
| | कुल निक्षेपमा संस्थागत निक्षेपको अंश | ४५ |
| ९. | **उत्पादनशील क्षेत्रमा न्यूनतम प्रवाह गर्नुपर्ने कर्जा कुल कर्जा सापटीको** | १० |
| १०. | **विपन्न वर्ग कर्जा (त्रैमासिक रुपमा)** | |
| | ६ महिना अघिको कर्जा तथा सापटको आधारमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा तथा लगानीको न्युनतम सीमा | ५ |

## खण्ड (ख)

## स्थलगत निरीक्षण

यस विभागबाट वित्त कम्पनीहरुको समग्र वित्तीय स्थिति लगायत प्रचलित ऐन, नियम, नीति तथा यस बैंकबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालनाको स्थितिका सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गर्ने गरिएको छ । स्थलगत निरीक्षण समष्टिगत स्वरुपको हुने भएकोले CAMELS (Capital adequecy, Assets quality, Management, Earning, Liquidity and Sensitivity to Market Risk Rating) को आधारमा वित्त कम्पनीहरुको मूल्याङ्कन गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्यनजर गरी निरीक्षण कार्य गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ । वित्त कम्पनीहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षणले विस्तृत जानकारी प्रदान गर्दछ । प्रत्येक वर्ष सबै वित्त कम्पनीहरुको स्थलगत निरीक्षण गर्ने गरी लक्ष्य निर्धारण गर्ने गरिएको छ ।

नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको इजाजतपत्रप्राप्त गरी कायम रहेका २३ वटा वित्त कम्पनीहरुमध्ये आर्थिक वर्ष २०७५/७६ मा देहाय अनुसारका १७ वटा वित्त कम्पनीहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ :

| क्र. सं. | वित्त कम्पनीको नाम | निरीक्षण मिति | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | नेपाल फाइनान्स लिमिटेड, कमलादी, काठमाण्डौं | – | – | मिति २०७१।८।१७ मा समस्याग्रस्त घोषित |
| २. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, रामशाहपथ, काठमाण्डौं | – | – | मिति २०६८।९।८ मा समस्याग्रस्त घोषित |
| ३. | गुडविल फाइनान्स लिमिटेड, डिल्लीबजार, काठमाण्डौ | २०७६।०३।०१ | २०७६।०३।१८ | |
| ४. | ललितपुर फाइनान्स लि. लगनखेल, ललितपुर | २०७५।०५।२४ | २०७५।०५।२९ | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ५. | युनाइटेड फाइनान्स लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | २०७५।११।१२ | २०७५।१२।०१ | |
| ६. | बेष्ट फाईनान्स लि., चाबहिल, काठमाण्डौ | २०७५।०८।२३ | २०७५।०९।१३ | |
| ७. | प्रोग्रेसिभ फाइनान्स लिमिटेड, न्यूरोड | २०७६।०२।१२ | २०७६।०२।२१ | |
| ८. | *जानकी फाइनान्स कम्पनी लिमिटेड,जनकपुर, धनुषा | २०७५।०४।२७ | २०७५।०५।०५ | |
| ९. | पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की | २०७५।११।२७ | २०७५।१२।१८ | |
| १० | हाथवे फाईनान्स लिमिटेड, धरान | २०७५।०४।२७ | २०७५।०५।०५ | तत्कालीन अरुण फा. लि. |
| ११ | #मल्टीपर्पस फिनान्स कं.लि. राजविराज, सप्तरी | | | |
| १२ | *सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग | २०७५।०८।२३ | २०७५।०९।१३ | |
| १३ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड हेटौंडा, मकवानपुर | | | मिति २०७०।१।५ मा समस्याग्रस्त घोषित । |

| | | | | |
|---|---|---|---|---|
| १४ | क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड बत्तिसपुतली, काठमाण्डौ | | | मिति २०६९।१०।९ मा समस्याग्रस्त घोषित । |
| १५ | क्रिष्टल फाइनान्स लिमिटेड थापाथली, काठमाण्डौ | | | मिति २०६९।६।७ मा समस्याग्रस्त घोषित । |
| १६. | गुहेश्वरी म. बैंकिङ्ग एण्ड फा. लिमिटेड, ललितपुर | २०७५।०८।०५ | २०७५।०८।२१ | |
| १७ | आइ.सि.एफ.सि फाइनान्स लिमिटेड, भाटभटेनी,काठमाण्डौं | २०७५।११।१३ | २०७५।१२।०७ | |
| १८. | सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड, दरबारमार्ग, काठमाण्डौं | २०७५।०६।१४ | २०७५।०६।१७ | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । (तत्कालीन कुबेर मर्चेण्ट फा.लि.) |
| १९. | मञ्जुश्री फाइनान्स लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं | २०७६०।०१।१५ | २०७६।०२।०४ | |
| २०. | रिलायन्स फाइनान्स लिमिटेड, प्रदर्शनीमार्ग | २०७५।०८।०२ | २०७५।०८।१८ | |
| २१. | गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीबजार | २०७५।०५।१७ | २०७५।०६।०२ | |
| २२. | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स लिमिटेड, डिल्लीबजार | २०७६।०३।०१ | २०७६।०३।१६ | |
| २३. | सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर | २०७६।०१।१५ | २०७६।०२।०६ | |

*** ३ जिल्ला कार्यक्षेत्र**

**# १ जिल्ला कार्यक्षेत्र**

## खण्ड (ग)

# गैरस्थलगत सुपरिवेक्षण

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८४ मा भएको व्यवस्था बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त 'ग' वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनानुसार सबै वित्त कम्पनीहरूबाट प्राप्त वित्तीय विवरण लगायतका तथ्याङ्क एवं सूचनाका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंक, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ लागू भएपछि विशेष गरी वित्त कम्पनीहरुको पुँजीको पर्याप्तता, कर्जा बर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्थापन, आम्दानीको अवस्था, तरलता र निक्षेपको अवस्था, बजार सम्वेदनशिलता लगायतका विवरणहरुको विश्लेषण सहितको गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा यस विभागको सुपरिवेक्षकीय दायरामा रहेका वित्त कम्पनीहरूको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना अवस्था सम्बन्धमा अनुगमन समेत गरिएको छ । वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा आवश्यकता अनुसार निर्देशनहरु समेत दिने गरिएको छ ।

### १. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण

विभागको सुपरिवेक्षकीय दायराभित्र रहेका वित्त कम्पनीहरुको अपरिष्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको समग्र वित्तीय अवस्था निम्न बमोजिम रहेको छ :

### १.१ प्राथमिक पुँजी तथा पुँजीकोष

*रु. करोडमा*

| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| प्राथमिक पुँजी | १३३६ | १२५३ | १०७८ | १३४३ | १४५० | २४.५८ | ७.९७ |
| पुँजीकोष | १४०० | १३१० | ११३० | १४०२ | १५२० | २४.०७ | ८.४२ |
| जोखिम भारित सम्पत्ति | ६९४९ | ६४०२ | ५३१९ | ६५४० | ७८१९ | २२.९६ | १९.५६ |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (%) | १९.२३ | १९.५८ | २०.२६ | २०.५३ | १८.५३ | | |
| पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (%) | २०.१५ | २०.४७ | २१.४४ | २१.४३ | १९.४४ | | |

आर्थिक वर्ष २०७५/७६ मा वित्त कम्पनीहरुको कुल पुँजीकोष अघिल्लो आ.ब.को रु.१,४०२ करोडको तुलनामा ८.४२ प्रतिशतले वृद्धि भई रु १,५२० करोड भएको छ भने प्राथमिक

पुँजी रु १,३४३ करोडबाट ७.९७ प्रतिशतले बढेर रु.१,४५० करोड कायम भएको छ । आर्थिक वर्ष २०७५/७६ मा जोखिम भारित सम्पत्तिसँग प्राथमिक पुँजी अनुपात १८.५३ प्रतिशत रहेको छ भने जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात १९.४४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा यस्तो अनुपात क्रमश: २०.५३ र २१.४३ प्रतिशत रहेको थियो ।

## १.२ जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात

*रु. करोडमा*

| विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| कुल सम्पत्ति | ८६६८ | ८०६५ | ६७७२ | ८३२५ | ९९५५ | २२.९३ | १९.५८ |
| जोखिम भारित सम्पत्ति | ६९४९ | ६४०२ | ५३१९ | ६५४० | ७८१९ | | |
| जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात (प्रतिशतमा) | ८०.१७ | ७९.३९ | ७८.५४ | ७८.५६ | ७८.५५ | | |

२०७६ साल असार मसान्तमा वित्त कम्पनीहरूको कुल सम्पत्ति २०७५ साल असार मसान्तको तुलनामा १९.५७ प्रतिशतले बढेर रु.९९,५५ करोड हुन आएको छ । २०७५ साल असार मसान्तमा कुल सम्पत्ति अघिल्लो आर्थिक वर्षको तुलनामा २२.९३ प्रतिशतले वृद्धि भएको थियो । २०७६ असार मसान्तमा कुल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात ७८.५५ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक वर्षमा ७८.५६ प्रतिशत रहेको थियो ।

## १.३ लगानी

*रु. करोडमा*

| विवरण | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | ०७४/७५ | ०७५/७६ |
| सरकारी सुरक्षणपत्र | ३३१ | १५२ | २३४ | ३८८ | ५३.९४ | ६५.८१ |
| शेयर तथा डिवेञ्चर | १०९ | १३० | १९८ | २०५ | ५२.३१ | ३.५४ |
| अन्य लगानी | २२ | ९ | १० | २० | ११.११ | १००.०० |
| कुल लगानी | ४६२ | २९१ | ४४२ | ६१४ | ५१.८९ | ३८.९१ |
| प्राथमिक पुँजी | १२५३ | १०७८ | १३४३ | १४४९ | | |
| शेयर तथा डिवेञ्चर लगानी/ प्राथमिक पुँजी अनुपात (% मा) | ८.७० | १२.०६ | १४.७४ | १४.१५ | | |

२०७६ साल असार मसान्तमा वित्त कम्पनीहरुको कुल लगानी रु. ६१४ करोड रहेको छ, जुन २०७५ साल असारको कुल लगानी रु.४४२ करोडको तुलनामा ३८.९१ प्रतिशतले बढी हो । २०७४ साल असारमा कुल लगानी रु.२९१ करोड रहेको थियो ।


## १.४ कर्जा तथा सापटको वर्गीकरण

*रु. करोडमा*

| विवरण | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७४/७५ | २०७५/७६ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| सक्रिय कर्जा | ५४३६ | ४७४८ | ४२५३ | ५५१० | ६२७५ | २९.५६ | २२.८० |
| निष्क्रिय कर्जा | २७६ | २८७ | १३५ | १५३ | १५५ | १३.३३ | १.१४ |
| कुल कर्जा तथा सापट | ५७१२ | ५०३५ | ४३८९ | ५६६३ | ६४३० | १९.९४ | २२.१६ |
| कुल कर्जा नोक्सानी व्यवस्था | २८६ | ३२० | १६५ | १८४ | १९४ | ११.५२ | ५.४२ |
| कुल कर्जा नोक्सानी व्यवस्था/कुल कर्जा अनुपात (प्रतिशतमा) | ५.०१ | ६.३५ | ३.७७ | ३.४९ | ३.०२ | | |
| निष्क्रिय कर्जा अनुपात (प्रतिशतमा) | ४.८३ | ५.७० | ३.०८ | २.९१ | २.४१ | | |

२०७६ साल असार मसान्तमा वित्त कम्पनीहरुको निष्क्रिय कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.१४ प्रतिशतले बढन गई रु. १५५ करोड भएको छ । गत वर्षको सोही अवधिमा उक्त कर्जा रु.१५३ करोड रहेको थियो । समीक्षा अवधिमा कुल कर्जा तथा सापटमा निष्क्रिय कर्जाको अनुपात २.४१ प्रतिशत कायम रहन गएको छ । निष्क्रिय कर्जाको अनुपात गत वर्षको सोही अवधिमा २.९१ प्रतिशत र आ.व. २०७३/७४ मा ३.०८ प्रतिशत रहेको थियो । वित्त कम्पनीहरुको कर्जा तथा सापट सम्बन्धी विवरण रेखाचित्र १ मा प्रस्तुत गरिएको छ ।

# रेखाचित्र १ :कर्जा तथा सापट




स्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।


समीक्षा अवधिमा वित्त कम्पनीहरुको कुल कर्जा तथा सापट गत अवधिको तुलनामा २२.१६ प्रतिशतले बढेर रु ६४३० करोड भएको छ । गत वर्ष सो कर्जा रु. ५६६३ करोड रहेको थियो ।

## १.५ कर्जा र निक्षेप अनुपात

*रु. करोडमा*

| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| कर्जा तथा सापट | ५७१२ | ५०३५ | ४३८९ | ५२६३ | ६४३० | १९.९१ | २२.१६ |
| निक्षेप | ६६७६ | ६१५३ | ५००६ | ६१९८ | ७४५३ | २३.८१ | २०.२५ |
| कर्जा/निक्षेप अनुपात (%) | ८५.५६ | ८१.८२ | ८७.६६ | ८४.९१ | ८६.२७ | | |
| कर्जा /(प्राथमिक पुँजी तथा निक्षेप) अनुपात (%) | ७१.२९ | ६७.९७ | ७२.१३ | ७०.४६ | ७२.२२ | | |

वित्त कम्पनीहरुको समग्र कर्जा/निक्षेप अनुपात २०७६ साल असार मसान्तमा ८६.२७ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो अनुपात ८४.९१ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा अवधिमा कर्जा/(प्राथमिक पुँजी तथा निक्षेप) अनुपात ७२.२२ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यस्तो अनुपात ७०.४६ प्रतिशत रहेको थियो । कर्जा /प्राथमिक पूँजी तथा निक्षेप) अनुपात सम्बन्धी विवरण रेखाचित्र २ मा प्रस्तुत गरिएको छ ।





स्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग

## १.६ गैरबैंकिङ्ग सम्पत्ति

*रु. करोडमा*

| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| गैरबैंकिङ्ग सम्पत्ति | ५४ | ८४ | ३३ | ३९ | ३६ | १८.१८ | -६.७९ |
| कुल सम्पत्ति | ८६६८ | ८०६५ | ६७७२ | ८३२५ | ९९५५ | २२.९३ | १९.५८ |
| गैरबैंकिङ्ग सम्पत्ति/ कुल सम्पत्ति अनुपात | ०.६२ | १.०४ | ०.४९ | ०.४७ | ०.३७ | | |

समीक्षा वर्षमा वित्त कम्पनीहरुको गैरबैंकिङ्ग सम्पत्ति ६.७९ प्रतिशतले घटेर रु.३६ करोड भएको छ । गत वर्ष यस्तो सम्पत्ति रु. ३९ करोड रहेको थियो । त्यस्तै, कुल सम्पत्तिमा गैरबैंकिङ्ग सम्पत्तिको अनुपात गत वर्षको असार मसान्तमा ०.४७ प्रतिशत रहेकोमा समीक्षा वर्षको सोही अवधिमा यस्तो अनुपात ०.३७ प्रतिशत मात्र रहेको छ । गैर बैंकिङ्ग सम्पति/कुल सम्पति अनुपातलाई रेखाचित्र ३ मा प्रस्तुत गरिएको छ ।





स्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।

## १.७ प्रतिफलको स्थिति

*रु. करोडमा*

| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| ब्याज आम्दानी | ७९७ | ६६२ | ६११ | ७८१ | ९७२ | २७.८२ | २४.३९ |
| ब्याज खर्च | ४६७ | ३६८ | ३५३ | ५१९ | ६४४ | ४७.०३ | २४.१० |
| सञ्चालन आम्दानी | ३६५ | १६७ | १८६ | १७५ | २१९ | -५.९१ | २५.२० |
| खुद नाफा/नोक्सान | १७२ | १९४ | १९० | १३५ | १४९ | -२८.९५ | ११.०४ |

गत वर्ष वित्त कम्पनीहरुको ब्याज आम्दानी रु. ७८१ करोड रहेकोमा समीक्षा वर्षमा रु.९७२ करोड रहेको छ । त्यस्तै, ब्याज खर्च गत वर्ष ५१९ करोड भएकोमा समीक्षा वर्षमा बढेर रु. ६४४ करोड भएको छ । वित्त कम्पनीहरुको सञ्चालन आम्दानी गत वर्ष रु.१७५ रहेकोमा समीक्षा वर्षमा बढेर रु.२१९ करोड पुगेको छ । त्यसैगरी, यी कम्पनीहरुको खुद नाफा गत वर्ष रु.१३५ करोड रहेकोमा समीक्षा वर्षमा वृद्धि भई रु.१४९ करोड भएको छ । वित्त कम्पनीहरुको प्रतिफलको स्थितिलाई रेखाचित्र ४ मा प्रस्तुत गरिएको छ ।




स्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग

## १.८ तरलता

*रु करोडमा*


| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| नगद | ९९ | १०३ | १०८ | १३० | १४३ | २०.३७ | १०.०० |
| नेपाल राष्ट्र बैकमा रहेको मौज्दात | २६९ | २५७ | २१२ | २४० | ३२३ | १३.२१ | ३४.५८ |
| अन्य बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १८२२ | २१२० | १२६२ | ८३९ | ८९७ | -३३.५२ | ७.०४ |
| सरकारी सुरक्षणपत्रमा लगानी | २४८ | ३३१ | १५२ | २३४ | ३८८ | ५३.९५ | ६५.७८ |
| कुल तरल सम्पत्ति | २४३८ | २८११ | १७३४ | २२९४ | २६९५ | ३२.३० | १७.४८ |
| निक्षेप | ६६७६ | ६१५३ | ५००६ | ६१९८ | ७४५३ | | |
| तरल सम्पत्ति/कुल निक्षेप अनुपात | ३६.५२ | ४५.६८ | ३४.६४ | ३५.१७ | ३६.१६ | | |

वित्त कम्पनीहरुको तरल सम्पत्ति २०७६ साल असार मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.४८ प्रतिशतले वृद्धि भई रु.२,६९५ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा तरल सम्पत्ति रु.२,२९४ करोड रहेको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा २०७६ साल असार मसान्तमा वित्त कम्पनीहरुसँग रहेको नगद मौज्दात १०.०० प्रतिशतले वृद्धि भई रु.१४३ करोड पुगेको छ । गत वर्ष सो मौज्दात रु.१३० करोड रहेको थियो । वित्त कम्पनीहरुले सरकारी सुरक्षणपत्रमा गरेको लगानी भने आर्थिक वर्ष २०७५/०७६ मा ६५.७८ प्रतिशतले वृद्धि भई रु.३८८ करोड भएको छ । गत वर्ष सो लगानीमा रहेको रकम रु.२३४ करोड रहेको थियो ।

वित्त कम्पनीहरुको तरल सम्पति कुल निक्षेप अनुपात आर्थिक वर्ष २०७५/७६ को अन्तमा ३६.१६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७३/७४ मा यस्तो अनुपात क्रमशः ३५.१७ प्रतिशत र ३४.६४ प्रतिशत रहेको थियो । वित्त कम्पनीहरुको तरलताको स्थितिलाई रेखाचित्र ५ मा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र ५: तरल सम्पत्ति/कुल निक्षेप अनुपात**




स्रोत: नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग

## १.९ वित्तीय स्रोत (सापटी तथा निक्षेप) परिचालन

*रु. करोडमा*

| विवरण | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७४/७५ | ०७५/७६ |
| निक्षेप | ६६७६ | ६१५३ | ५००६ | ६१९८ | ७४५३ | २३.८१ | २०.२५ |
| सापटी | ४२ | २५३ | १२३ | ११४ | ३५० | -७.३२ | २०७.०२ |
| कुल वित्तीय स्रोत | ६७१८ | ६४०६ | ५१२९ | ६३१२ | ७८०३ | २३.०६ | २३.६२ |
| अघिल्लो त्रयमासको प्राथमिक पुँजी | १३३६ | १४६० | ९६४ | १२७१ | १३८८ | | |
| वित्तीय स्रोत सङ्कलन/ अघिल्लो त्रैमासको प्राथमिक पुँजी (गुणा) | ५.०३ | ४.३९ | ५.३२ | ४.९७ | ५.६२ | | |

२०७६ साल असार मसान्तमा वित्त कम्पनीहरूको निक्षेप रु. ७,४५३ करोड र सापटी रु.३५० करोड गरी कुल वित्तीय स्रोत रु.७,८०३ करोड रहेको छ जुन रकम गत वर्षको सोही अवधिको तुलनामा २३.६२ प्रतिशतले बढी हो । गत वर्षको उक्त अवधिमा यी वित्त कम्पनीहरुको कुल वित्तीय स्रोत रु.६,३१२ करोड रहेको थियो । त्यसैगरी, २०७६ असार मसान्तमा वित्त कम्पनीहरुको वित्तीय स्रोत सङ्कलन अनुपात प्राथमिक पूँजीको ५.६२ गुणा भएको छ । गत वर्षको सोही अवधिमा यो अनुपात प्राथमिक पुँजीको ४.९७ गुणा रहेको थियो ।

## २. वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरुः

यस विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका वित्त कम्पनीहरुलाई संस्थाको वाह्य लेखा परीक्षण प्रतिवेदनका आधारमा गैरस्थलगत सुपरिवेक्षण गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका मुख्य निर्देशनहरु देहाय बमोजिम रहेका छन् :

### २.१ गुडविल फाइनान्स लिमिटेड

१. सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग ) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

२. यस बैंकले दिएका निर्देशन तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था गर्न हुन ।

### २.२ युनाईटेड फाइनान्स लिमिटेड

१. यस बैंकबाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

२. नियमानुसार कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकी बाँकी रकमलाई नाफा नोक्सान बाँडफाँड हिसाब मार्फत कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गर्नुहुन ।

३. यस बैंकबाट जारी गरिएको निर्देशन नं. १० को बुँदा नं. ७ मा उल्लेखित व्यवस्थाभन्दा बढी हुनेगरी संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीहरुलाई सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश वितरण रोक्का राख्नुहुन ।

## २.३ बेष्ट फाइनान्स लिमिटेड

१. समस्याग्रस्त संस्थाबाट फुकुवा गर्दा दिएका पालना हुन बाँकी शर्तहरु पालना गर्नु हुन साथै यस बैंकले दिएका निर्देशन तथा लेखापरीक्षणको प्रारम्भिक र अन्तिम प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः नदोहोरिने व्यवस्था मिलाउनु हुन ।

२. संस्थाको निष्क्रिय कर्जा उच्च रहेकोले कर्जा जोखिम अत्यधिक देखिएको हुँदा निष्क्रिय कर्जाको उचित व्यवस्थापन गरी कर्जा जोखिम न्यूनीकरण गर्नु हुन ।

३. सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

४. कर्जा वर्गीकरण ब्याज बक्यौताको आधारमा गर्ने नगरेकोले यस बैंकको निर्देशनानुसार कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नुहुन ।

५. कर्मचारीलाई प्रदान गरिएको भुक्तानी अवधि सकिएका कर्जाको आवश्यक हिसाव मिलान गर्नु हुन ।

६. तीन वर्ष भन्दा बढी अवधि देखि हिसाव मिलान हुन नसकेको रु. १४,४०,१०५।- अन्तर शाखा हिसावको आवश्यक हिसाव मिलान गर्नु हुन ।

७. यकिन हुन नसकेको ब्याज मुल्तवी खातामा रहेको रकम रु. ४,१२,४८७।- यकिन गरी आवश्यक हिसाव मिलान गर्नु हुन ।

८. विगतका वर्षदेखि सारिएका आसामीहरुमा देखाइएको रकम प्रभावकारी रुपमा असुली उपर गर्ने कार्य गरी आवश्यक हिसाव मिलान गर्नु हुन ।

९. विविध सण्ड्री डेव्टर्समा देखाईएको रु. ९,३२,४५९।- को यकिन गरी आवश्यक हिसाव मिलान गर्न हुन ।

१०. विगतका वर्षदेखि सारिएको दायित्व रु. १६,०५,९०६।५५ को यकिन गरी आवश्यक हिसाव मिलान गर्न हुन ।

## २.४ जानकी फाइनान्स कम्पनी लिमिटेड

१. यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा कम्पनी ऐन, २०६३ (संसोधित २०७३) र संस्थाको नियमावलीमा भएको सञ्चालक सम्बन्धी व्यवस्थाको पालना गर्नुहुन ।

३. पुरक पुँजीकोष गणना गर्दा कुल भारित जोखिम सम्पतिको १.२५ प्रतिशत भन्दा बढी असल कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थाको रकम नराख्नु हुन ।

४. प्राथमिक पुँजी गणना गर्दा स्थगन कर सम्पति वापतको रकम नजोड्नु हुन ।

५. कर्मचारी तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्ने रकम खर्च नभई व्यवस्था गर्नु पर्ने रकम कर्मचारी खर्च अन्तर्गत तालिम खर्चमा खर्च नदेखाइ नाफा नोक्सान बाँडफाँड हिसाव मार्फत् कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गर्नु हुन ।

## २.५ हाथवे फाइनान्स लिमिटेड (साविकको अरुण फाइनान्स लिमिटेड)

१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पुर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

२. संस्थागत सुशासन सम्वन्धी यस बैंकबाट जारी निर्देशनको पालना गर्न तथा संस्थाको लागि आवश्यक आन्तरिक नीति, निर्देशिका, कार्यविधि तयार गरी कार्यान्वयन गर्न र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

३. २०७६ असार मसान्तभित्र तोकिए वमोजिमको चुक्तापुँजी रु.८० करोड पुऱ्याउन र संस्थाको भावी व्यवसायिक तथा रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

४. समस्याग्रस्त अवस्थाबाट फुकुवा गर्दा दिइएका पालना हुन बाँकी शर्तहरु पालना गर्नु हुन साथै यस बैंकको निरीक्षण तथा सुपरिवेक्षणवाट औंल्याएका कैफियतहरु सुधार गरी निर्देशनहरुको पालना गर्न र लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन तथा

अन्तिम प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

५. गैर बैंकिङ्ग सम्पत्ति बिक्री तथा कर्जा असुलीमा देखिएको जोखिम न्यूनीकरण गर्नुहुन ।

६. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. १२ को बुदाँ नं. १० बमोजिमको अवस्थामा रहेका कतिपय ऋणीहरु र सो संग सम्बन्धित सञ्चालक, प्रोप्राइटर तथा धन जमानीकर्ताहरुलाई कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारिश गर्नु हुन ।

७. यस बैंकको रियल स्टेट कर्जा सम्बन्धी निर्देशनको पालना नगरेको देखिएकोले सीमाभन्दा बढी कर्जा प्रवाह गरेको रकमको १५० प्रतिशत जोखिम भारित सम्पति कायम गरी सिमा भित्र ल्याउन सञ्चालक समिति र प्रमूख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

## २.६ सृजना फाइनान्स लिमिटेड

१. यस बैंकले दिएका निर्देशन तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन ।

२. सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

## २.७ गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड

१. यस बैंकबाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

२. नियमानुसार कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकी बाँकी रकमलाई नाफा नोक्सान बाँडफाँड हिसाब मार्फत कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गर्नु हुन ।

## २.८ आइ.सि.एफ.सि.फाइनान्स लिमिटेड

१. यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## २.९ सेन्ट्रल फाइनान्स लिमिटेड

१. यस बैंकको एकीकृत निर्देशन २०७५ को निर्देशन नं. ३ बमोजिम रियल स्टेट तथा आवासीय घर कर्जा शीर्षकमा कुल कर्जाको २५ प्रतिशत मात्र कर्जा लगानी गर्नु पर्नेमा सो निर्देशन पालना भएको नपाईएको । साथै सीमा भन्दा बढी लगानी भएको कर्जा रकम बराबरको रकमको जोखिम भार गणना गर्दा १५० प्रतिशत जोखिम भार प्रदान गरी गणना समेत नगरिएकोले यस बैंकको निर्देशन बमोजिम गर्नु हुन ।

२. यस बैंकको निरीक्षणबाट औंल्याइएका कैफियतहरु र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## २.१० श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड

१. यस बैंकबाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

२. ५ वर्ष भन्दा बढी अवधिका दावी नगरिएको लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्ने गर्नुहुन ।

३. बोनस ऐनमा भएको व्यवस्था अनुसार जम्मा भएको रकम सरकारबाट स्थापित राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्ने गर्नुहुन ।

४. कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकी बाँकी रकमलाई अन्य दायित्वमा नराखी नाफा नोक्सान बाँडफाँड हिसाब मार्फत् कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गर्ने गर्नेहुन ।

५. सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी

भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

## २.११ पोखरा फाइनान्स लिमिटेड

१. यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## २.१२ सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड (साविक कुबेर मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)

१. संस्थामा रहेको रु.७.९१ करोडको गैर बैंकिङ सम्पतिको उचित व्यवस्थापन गर्नुहुन ।

२. कालोसुचीमा समावेश नगरेका ऋणीहरुलाई नियमानुसार कालोसुचीमा समावेश गर्न कर्जा सुचना केन्द्रमा सिफारिस गर्नु हुन ।

३. आयकर ऐन २०५८ को दफा ५७ को पालना गर्नु हुन ।

४. KYC अद्यावधिक गर्ने गर्नुहुन ।

५. समस्ताग्रस्त अवस्थाबाट फुकुवा गर्दा दिएका पालना हुन बाँकी शर्तहरु पालना गर्नु हुन साथै यस बैंकको निरीक्षणबाट औंल्याएका कैफियतहरु सुधार गरी त्यस्ता कैफियतहरु पुनः नदोहोरिने व्यवस्था मिलाउनु हुन ।

## २.१३ मञ्जुश्री फाइनान्स लिमिटेड

१. यस बैंकको निरीक्षणबाट औंल्याएका र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## २.१४ गोर्खाज फाइनान्स लिमिटेड

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. १२ को बुँदा नं. १० बमोजिमको अवस्थामा रहेका कतिपय ऋणीहरु र सो सँग सम्बन्धित सञ्चालक, प्रोप्राइटर तथा धन जमानीकर्ताहरुलाई कालोसूचीमा समावेश गर्न कर्जा सुचना केन्द्रमा सिफारिस गर्नुहुन ।

२. संस्थाको निष्क्रिय कर्जाको उचित व्यवस्थापन गरी कर्जा जोखिम न्यूनीकरण गर्नुहुन ।

३. सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग ) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

४. गैर बैंकिङ्ग सम्पतिको शत प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको नदेखिएकोले यस बैंकको गैर बैंकिङ्ग सम्पति सम्बन्धी निर्देशनको पूर्ण पालना गर्नु हुन ।

५. यस बैंकले दिएका निर्देशन तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था गर्नु हुन ।

### २.१५ जेबिल्स फाइनान्स लिमिटेड

१. यस बैंकले दिएका निर्देशन पालना गर्न तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था गर्नु हुन ।

### २.१६ रिलायन्स फाइनान्स लिमिटेड

१ यस बैंकले दिएका निर्देशन पालना गर्न तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था गर्नु हुन ।

२ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पूर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

### २.१७ मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड

१. आ.व. २०७३/७४ को मुनाफाबाट शेयरधनीहरुलाई प्रस्तावित नगद लाभांश रु.६२,२१,०४०।- स्वीकृत नभएकोले सञ्चित नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गर्नुहुन

२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पुर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

३. संस्थागत सुशासन सम्बन्धी यस बैंकवाट जारी निर्देशनको पालना गर्न तथा संस्थाको लागि आवश्यक आन्तरिक नीति, निर्देशिका, कार्यविधि तयार गरी कार्यन्वयन गर्न र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

४. २०७६ पुस सम्ममा तोकिए बमोजिमको चुक्ता पुँजी पुऱ्याउन र संस्थाको भावी व्यवसायिक तथा रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

५. यस बैंकले दिएका निर्देशन पालना गर्न तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउनु हुन ।

६. संस्थाका सम्पूर्ण कारोबारहरु पूर्णरुपले कम्प्यूटराइज्ड गरी संस्थाको सफ्टवेयरको (System) बाट मात्र गर्ने व्यवस्था मिलाउनु हुन ।

७. स्थिर सम्पत्तिको नियमित रुपमा भौतिक परीक्षण गरी सम्पत्तिहरुको अवस्था अनुसार स्थिर सम्पत्ति किताबमा आवश्यक हिसाब मिलान गर्नु हुन व्यवस्थापनलाई ध्यानाकर्षण गराइन्छ ।

८. आवश्यक पर्ने सम्पूर्ण कानुनी कागजातहरु लिएर मात्र कर्जा प्रवाह गर्नेतर्फ सचेत रहनु हुन ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६, बैंक तथा वित्तीय संस्थाका सञ्चालक नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४ र संस्थाको नियमावली बमोजिम योग्य व्यक्तिहरुको चयन गरी सञ्चालक समिति पुनर्गठन गरी जानकारी दिनुहुन ।

## २.१८ प्रोग्रेसिभ फाइनान्स लिमिटेड

१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा परिपत्रका व्यवस्थाहरुको पुर्ण पालना गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

२. संस्थाको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधिहरु अद्यावधिक गरी कार्यन्वयन गर्न सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराइन्छ ।

३. यस बैंकबाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

४. कर्जा प्रवाह गर्दा कर्जा चुक्ता गर्न सक्ने आय श्रोतको आधार, ऋणी, तथा फर्म, कम्पनीको कर्जा आवश्कताको बारेमा विस्तृत विश्लेषण गर्नुहुन तथा कर्जा सदुपयोगिताको अनुगमन गर्नुहुन ।

५. जोखिम व्यवस्थापन समिति प्रभावकारी नदेखिएकोले सो समितिलाई प्रभावकारी बनाई इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन २०७५ को निर्देशन नं. ६ को बुँदा नं. ७ को उपबुँदा ३ मा तोकिए बमोजिमका काम कर्तव्य र उत्तरदायित्व सम्बन्धमा विस्तृत छलफल गर्नुहुन ।

६. संस्थाको लेखापरीक्षण कार्य तोकिएको समयमा सम्पन्न गरी लेखापरीक्षकको अन्तिम प्रतिवेदन तथा वित्तीय विवरणहरु तोकिएको समयभित्र यस बैंकमा पेश गर्न व्यवस्थापनको ध्यानाकर्षण गराइन्छ ।

## ३. आ.व. २०७५/७६ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति लिने सम्बन्धमा :

आर्थिक वर्ष २०७५/७६ मा वार्षिक वित्तीय विवरण प्रकाशन गर्नको लागि हालसम्म १८ वटा वित्त कम्पनीहरुले यस विभागबाट स्वीकृति लिईसकेका छन् । विभागको सुपरिवेक्षकीय दायरामा रहेका देहायका वित्त कम्पनीहरुले आर्थिक वर्ष २०७५/७६ मा वार्षिक वित्तीय विवरण प्रकाशन गर्नको लागि यस विभागबाट स्वीकृति लिन बाँकी रहेको छ :

| सि.नं. | वित्त कम्पनीको नाम |
|---|---|
| १ | ललितपुर फाइनान्स लिमिटेड, लगनखेल, ललितपुर । |

# खण्ड (घ)

## विशेष तथा अनुगमन निरीक्षण

निक्षेपकर्ताको हित विपरित कार्य गरेको वा अनियमितता भइरहेको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको जस्ता विषयमा सार्वजनिक सञ्चार माध्यम तथा अन्य श्रोतवाट प्राप्त जानकारीका आधारमा कुनै पनि वित्त कम्पनीको विशेष निरीक्षण गर्ने गरिएको छ । साथै, वित्तीय संस्थाहरुको AML/CFT को अवस्था लगायत वित्तीय संस्थाहरुको निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्ने क्रममा दिइएको निर्देशन पालनाको स्थितिको समेत आवश्यकता अनुसार अनुगमन निरीक्षण गरिन्छ । यसैले गर्दा वित्त कम्पनीहरुको अनुगमन तथा निरीक्षण कार्य एउटा निरन्तर प्रक्रिया अन्तर्गत पर्दछ ।

### १. विशेष निरीक्षण :

आर्थिक वर्ष २०७५/७६ मा देहाय बमोजिम ६ वटा वित्त कम्पनीहरुको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ :-

१. वर्ल्ड मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लि., काठमाण्डौं ।
२. गोर्खाज फाइनान्स लिमिटेड,काठमाण्डौं ।
३. क्रिष्टल फाइनान्स लिमिटेड, काठमाण्डौं ।
४. गुडविल फाइनान्स लिमिटेड, काठमाण्डौं।
५. मञ्जुश्री फाइनान्स लिमिटेड, काठमाडौं ।
६. नेपाल फाइनान्स लिमिटेड, काठमाण्डौं ।

### २. अनुगमन निरीक्षण :

आर्थिक वर्ष २०७५/७६ मा देहाय बमोजिम ३ वटा वित्त कम्पनीहरुको अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ :-

१. जानकी फाइनान्स कम्पनी लिमिटेड, जनकपुर ।
२. श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड, काठमाण्डौं ।
३. मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड, राजविराज, सप्तरी ।

# खण्ड (ङ)

## कार्यान्वयन (Enforcement)

स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयनका क्रममा आवश्यकता र कैफियतको सुधारका आधारमा वित्त कम्पनी र तिनका पदाधिकारीहरुलाई आवश्यकता अनुसार निर्देशन दिने गरिएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय स्रोत संकलन, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था, कर्जा निक्षेप अनुपात, अनिवार्य नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात आदि निर्देशनहरुको पालनाको स्थिति देहाय बमोजिम रहेको छ :

### १. पुँजीकोष

यस बैंकको निर्देशन अनुसार वित्त कम्पनीहरूले कुल जोखिम भारित सम्पत्तिको न्यूनत्तम ५.५ प्रतिशत प्राथमिक पुँजी र ११.० प्रतिशत पुँजीकोष कायम गर्नुपर्नेमा २०७६ असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सम्पूर्ण वित्त कम्पनीहरु (समस्याग्रस्त वित्त कम्पनीहरु वाहेक) को तोकिएको पुँजीकोष कायम गरेको देखिन्छ ।

### २. वित्तीय स्रोत संकलन :

यस बैंकको एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. १६ बुँदा नं. १ को उपबुँदा नं. ३ मा वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने निर्देशनात्मक व्यवस्था रहेकोमा २०७६ असार मसान्तसम्ममा सबै वित्त कम्पनीहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था :

#### (क) सक्रिय कर्जा नोक्सानी व्यवस्था :

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रत्येक त्रयमासमा कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था अनुसार २०७६ असार मसान्तमा सबै वित्त कम्पनीले सक्रिय कर्जा नोक्सानी व्यवस्था वापत न्यूनतम १.० प्रतिशत कायम गरी उक्त निर्देशनको पालना गरेको देखिन्छ ।

#### (ख) निष्क्रिय कर्जा :

२०७६ असार  मसान्तमा देहाय बमोजिम २ वटा वित्त कम्पनीहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ५ प्रतिशत भन्दा माथि रहेको पाइएको छ ।

| सि.न. | संस्थाको नाम | २०७६ असार |
|---|---|---|
| १. | बेष्ट फाइनान्स लि. | १८.४६% |
| २. | ललितपुर फाइनान्स लि. | ८०.९१% |

## ४. लगानी :

यस बैंकको एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. ८ बुँदा नं. ३ को उपबुँदा नं. २ बमोजिम वित्त कम्पनीहरुले सबै संस्थाको शेयर तथा डिवेञ्चरमा गत त्रयमासको आफ्नो प्राथमिक पुँजीको ३०.० प्रतिशतसम्म मात्र लगानी गर्न पाउने निर्देशनात्मक व्यवस्था रहेकोमा २०७६ असार मसान्तसम्ममा गुडविल फाइनान्सले ३८.३३ प्रतिशत लगानी गरेको पाइयो ।

## ५. कर्जा निक्षेप तथा प्राथमिक पुँजी अनुपात :

यस बैंकको एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. ५ बुँदा नं. २ को उपबुँदा नं. ५ बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुको स्रोत परिचालन (स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी) मा कुल कर्जा तथा सापटको अनुपात ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएकोमा २०७६ असार मसान्तसम्ममा ललितपुर फाइनान्स लिमिटेड (१०६.१२%) ले सो निर्देशनको पालना गरेको पाईएन ।

## ६. अनिवार्य नगद मौज्दात :

यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बमोजिम "ग" वर्गका वित्तीय संस्थाहरुले कुल निक्षेप दायित्वको ४ प्रतिशत अनिवार्य मौज्दात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सबै फाइनान्स कम्पनीहरुले २०७६ असार मसान्तमा सो प्रावधानको पालना गरेको देखिन्छ ।

## ७. वैधानिक तरलता अनुपात :

यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूलाई जारी भएको निर्देशन अनुसार "ग" वर्गका वित्तीय संस्थाहरुले अघिल्लो महिनाको अन्त्यमा कायम रहेको कुल स्वदेशी निक्षेप दायित्वको ७ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सबै फाइनान्स कम्पनीहरुले २०७६ असार मसान्तमा सो प्रावधानको पालना गरेको देखिन्छ ।

## ८. विपन्न वर्ग कर्जा स्थिति :

“ग” वर्गका वित्तीय संस्थाहरुले विपन्न वर्गमा छ महिना अघि (२०७५ पुस मसान्त) को कुल कर्जाको न्यूनतम ५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने निर्देशन रहेकोमा ललितपुर फाइनान्सको १.५४ प्रतिशत बाहेक सबै वित्त कम्पनीहरुले २०७६ असार मसान्तमा सो प्रावधानको पालना गरेको पाइयो । ललितपुर फाइनान्स लि. मिति २०७४।०८।१९ को निर्णय बमोजिम यस बैंकबाट समस्याग्रस्त अवस्थाबाट फुकुवा भई आएकोमा यस वैंकबाट दुई वर्ष सम्मको लागि छुट प्रदान गरिएको छ । साथै, उक्त अवधिमा सम्पूर्ण वित्तीय संस्थाहरुको विपन्न वर्गमा गरिएको लगानी छ महिना अगाडिको कुल कर्जाको ८.३४ प्रतिशत रहेको पाइयो ।

## ९. उत्पादनशील क्षेत्र कर्जा स्थिति

“ग” वर्गका वित्तीय संस्थाहरुले प्राथमिकताप्राप्त क्षेत्रमा कुल कर्जा तथा सापटको न्यूनतम १० प्रतिशत कर्जा २०७५ चैत्र मसान्तसम्ममा प्रवाह गर्नु पर्ने निर्देशन रहेकोमा समस्याग्रस्त अवस्थाबाट फुकुवा भई आएका वित्त कम्पनीहरु हाथवे फाइनान्स कम्पनीको ४.६१ प्रतिशत र ललितपुर फाइनान्सको १.१८ प्रतिशत बाहेक सबै वित्त कम्पनीहरुले २०७६ असार मसान्तमा सो प्रावधानको पालना गरेको पाइयो ।

## १०. ब्याजदर :

यस बैंकको एकीकृत निर्देशन २०७५ को निर्देशन नं १५ को बुँदा नं १(४) बमोजिम कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर बीचको औसत अन्तर ५ प्रतिशत भन्दा बढी नहुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा २०७६ असार मसान्तमा देहाय बमोजिमका वित्तीय संस्थाहरुले यस बैंकको निर्देशन पालना गरेको पाइएन ।

| सि.न. | संस्थाको नाम | ब्याजदर अन्तर प्रतिशत |
|---|---|---|
| १ | सिटी एक्सप्रेस फाइनान्स लि. | ८.३८ |

## १०. नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा :

देशको समग्र आर्थिक, मौद्रिक स्थिति एवं वित्तीय गतिविधिको मूल्यांकन एवं विश्लेषण गर्ने साथसाथै इजाजतपत्र प्राप्त संस्थाको गैरस्थलगत सुपरिवेक्षण गर्ने सन्दर्भमा बैंकिङ्ग तथा वित्तीय तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने हुँदा तथ्याङ्क विवरणहरु उपलब्ध गराउन

यस बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०७५ को निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको पालना भएको देखिन्छ ।

# खण्ड (च)

## नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

बैंक तथा वित्तीय संस्थाहरुको समग्र कारोवारलाई निरीक्षण तथा सुपरिवेक्षण गर्न २०६८ साल सम्मको नेपाल राष्ट्र बैंकको संरचनामा बैंक सुपरिवेक्षण विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभाग रहेकोमा वित्तीय संस्थाहरुको कारोवार क्षेत्र र कार्य प्रकृतिको आधारमा वित्तीय संस्था सुपरिवेक्षण विभागलाई विकास बैंक सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभाग गरी २ वटा विभागमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ । सोही अनुसार यस बिभागको क्षेत्राधिकार वित्त कम्पनीहरुको समिष्टिगत स्थलगत निरीक्षण र गैर स्थलगत सुपरिवेक्षण सम्वन्धी सम्पूर्ण कार्य हुदै आएको छ ।

यस विभागको उद्देश्य हासिल गर्न स्थलगत सुपरिवेक्षण तथा कार्यान्वयन इकाई, गैर स्थलगत सुपरिवेक्षण इकाई, नीति तथा योजना इकाई र आन्तरिक प्रशासन इकाई गरी ४ वटा इकाईहरुमा विभाजित गरी कार्य सम्पादन गर्दै आएकोमा मिति २०७४/१२/१५ मा बसेको यस बैंकको सञ्चालक समितिको बैठकबाट समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा खारेज गरी पाँच वटा समस्याग्रस्त संस्थाहरुको अनुगमन सुपरिवेक्षण र रिजोलुसन सम्बन्धी कार्यहरु यस विभागबाट सम्पादन गर्ने निर्णय बमोजिम रिजोलुसन इकाई गठन गरी जम्मा पाँच वटा इकाईमा विभाजन गरी कार्य सम्पादन हुँदै आएकोमा हाल पाँच वटा समस्याग्रस्त संस्थाहरुको अनुगमन सुपरिवेक्षण र रिजोलुसन तथा अन्य विभागका सम्पूर्ण कार्य पाँच वटा इकाइमा विभाजन गरी कार्य हुँदै आएको छ ।

विभागको लागि बजेट तथा बार्षिक कार्ययोजनाको प्रस्ताव तयार गर्ने, स्वीकृत बार्षिक कार्ययोजना कार्यान्वयन गर्ने र निरीक्षण तथा सुपरिवेक्षणको वार्षिक प्रतिवेदन तयार गर्ने कार्य नीति तथा योजना इकाइले गर्दै आएको छ । आन्तरिक प्रशासन इकाइले विभागसँग सम्वन्धित पत्राचारहरु गर्ने, विभागका कर्मचारीहरुको हाजिरी तथा विदा, सरुवाको अभिलेख राख्ने र दैनिक बिभागीय कार्य संचालन सम्वन्धमा आवश्यक कार्यहरु सम्पादन गरी गरिएको काम कारवाहीको अभिलेख अद्यावधिक राख्ने काम गर्दै आएको छ । विभागले गर्ने निरीक्षण तथा सुपरिवेक्षणसँग सम्वन्धित अन्तरक्रिया, गोष्ठी, सेमिनार एवं अनुशिक्षण जस्ता कार्यक्रम संचालन गर्ने काम समेत आन्तरिक प्रशासन इकाइले गर्दछ । यस विभागबाट समीक्षा अवधिमा दुईवटा अनुशिक्षण कार्यक्रम तथा दुईवटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् ।

यस विभागमा कार्यकारी निर्देशक १, निर्देशक २, उप निर्देशक ४, सहायक निर्देशक ८, सहायक स्तरका १ र कार्यालय सहयोगी १ जना गरी कुल १७ जना कर्मचारीहरुको दरबन्दी रहेकोमा कार्यकारी निर्देशक १, निर्देशक २, उप निर्देशक ४, सहायक निर्देशक ८, सहायक स्तरका ३ र कार्यालय सहयोगी १ जना गरी जम्मा १९ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

अनुसूची १

## वित्त कम्पनीहरुको नामावली

**(२०७६, असार मसान्त)**

| क. सं. | वित्त कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १. | नेपाल फाइनान्स लिमिटेड, कमलादी, काठमाण्डौं | मिति २०७१।८।१७ मा समस्याग्रस्त घोषित । |
| २. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, रामशाहपथ, काठमाण्डौं | मिति २०६८।९।८ मा समस्याग्रस्त घोषित । |
| ३. | गुडविल फाइनान्स लिमिटेड, डिल्लीबजार, काठमाण्डौ | |
| ४. | ललितपुर फाइनान्स लि. लगनखेल, ललितपुर | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ५. | युनाइटेड फाइनान्स लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | |
| ६. | बेष्ट फाइनान्स लि., चाबहिल, काठमाण्डौ | २०७३।८।२७ मा समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ७. | प्रोग्रेसिभ फाइनान्स लिमिटेड, न्यूरोड | |
| ८. | जानकी फाइनान्स कम्पनी लिमिटेड, जनकपुर,धनुषा | |
| ९. | पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की | |
| १० | हाथवे फाइनान्स कम्पनी लिमिटेड, धरान | साविकको अरुण फाईनान्स लिमिटेड |
| ११ | मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड, राजविराज, सप्तरी | |
| १२ | सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग | |
| १३ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेड, हेटौंडा, मकवानपुर | मिति २०७०।१।५ मा समस्याग्रस्त घोषित । |
| १४ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड, बत्तिसपुतली, काठमाण्डौ | मिति २०६९।१०।९ मा समस्याग्रस्त घोषित । |
| १५ | क्रिष्टल फाइनान्स लिमिटेड, थापाथली, काठमाण्डौ | मिति २०६९।६।७ मा समस्याग्रस्त घोषित। |
| १६. | गुहेश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड, ललितपुर | |
| १७. | आइ.सि.एफ.सि फाइनान्स लिमिटेड, भाटभटेनी, काठमाण्डौं | |
| १८. | सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | साविकको कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड |
| १९. | मञ्जुश्री फाइनान्स लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं | |
| २०. | रिलायन्स फाइनान्स लिमिटेड, प्रदर्शनीमार्ग | |
| २१. | गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीबजार | |
| २२. | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड, डिल्लीबजार | |
| २३. | सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर | |

## अनुसूची २

## Financial Indicator of Finance Companies (Provosional) (२०७६ असार)

| S. No. | Name of Finance Company | Paid up Capital (Rs. In Thousand) | Solvency | | | | Liquidity | | | | | NPL* (In %) | Deprived Sector (In %) | Productive Sector $ (In %) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Core Capital (Rs. In Thousand) | Total Capital Fund (Rs. In Thousand) | CCAR (In %) | CAR (In %) | Total Deposit (Rs. In Thousand) | Total Loan (Rs. In Thousand) | CCD Ratio* (In %) | Net Liquidity (In %) | SLR (In %) | | | |
| 1 | Gorkha Finance Ltd. | 867994 | 1128367 | 1202286 | 16.95% | 18.06% | 6839303 | 5365590 | 67.72% | 36.84% | 10.63% | 4.60% | 5.22% | 15.94% |
| 2 | City Express Finance Co.Ltd. | 400000 | 205252 | 207312 | 56.36% | 56.93% | 139437 | 210068 | 63.99% | 93.59% | 12.87% | 1.95% | 24.60% | 32.93% |
| 3 | Goodwill Finance Ltd. | 800000 | 914021 | 978064 | 12.87% | 13.77% | 6895614 | 5903123 | 74.47% | 23.60% | 12.91% | 1.23% | 6.00% | 25.29% |
| 4 | Shree Investment Finance Co.Ltd. | 810000 | 1026679 | 1070855 | 20.75% | 21.65% | 4636900 | 4288956 | 76.17% | 30.86% | 11.03% | 0.14% | 5.67% | 17.47% |
| 5 | United Finance Ltd. | 1010519 | 1466705 | 1532061 | 20.92% | 21.86% | 6557593 | 6082312 | 76.38% | 26.83% | 10.38% | 0.65% | 6.99% | 10.69% |
| 6 | Best Finance Ltd. | 810016 | 514634 | 539004 | 16.31% | 17.08% | 2383302 | 2187900 | 75.51% | 46.08% | 16.75% | 18.46% | 6.71% | 21.04% |
| 7 | Progressive Finance Ltd. | 800100 | 836522 | 849135 | 58.65% | 59.53% | 1111009 | 1018388 | 54.19% | 76.18% | 7.91% | 1.41% | 9.93% | 18.05% |
| 8 | Janaki Finance Co.Ltd. | 492140 | 778870 | 804578 | 31.96% | 33.02% | 2038370 | 2155059 | 78.14% | 36.66% | 35.06% | 2.13% | 5.06% | 12.42% |
| 9 | Pokhara Finance Ltd. | 857273 | 1191326 | 1250281 | 18.05% | 18.94% | 6291677 | 5775704 | 76.27% | 25.95% | 9.89% | 0.79% | 10.67% | 19.44% |
| 10 | Central Finance Ltd. | 823398 | 1007874 | 1043834 | 25.70% | 26.61% | 3651459 | 3226490 | 69.92% | 35.16% | 11.84% | 1.11% | 5.29% | 14.78% |
| 11 | Hathway Finance Co.Ltd. | 300000 | 221765 | 225154 | 40.66% | 41.28% | 321410 | 347394 | 63.90% | 62.56% | 58.20% | 2.46% | 6.06% | 4.61% |
| 12 | Multipurpose Finance Co.Ltd. | 41474 | 71364 | 74210 | 24.53% | 25.51% | 213198 | 219474 | 77.90% | 23.05% | 20.99% | 4.51% | 6.49% | 64.46% |
| 13 | Srijana Finance Ltd. | 460816 | 798661 | 850655 | 13.60% | 14.48% | 7152625 | 4826253 | 61.77% | 39.33% | 34.06% | 0.34% | 8.78% | 26.88% |
| 14 | Guheshwori Merchant Banking and Finance Ltd. | 800000 | 999436 | 1036216 | 24.91% | 25.83% | 3619912 | 3150085 | 68.58% | 29.14% | 9.40% | 0.36% | 9.50% | 17.01% |
| 15 | ICFC Finance Ltd. | 882172 | 1207588 | 1305143 | 11.05% | 11.94% | 10932872 | 8713488 | 72.01% | 27.87% | 12.81% | 0.08% | 8.46% | 18.59% |
| 16 | Lalitpur Finance Ltd. | 236874 | 140496 | 142384 | 22.30% | 22.60% | 304368 | 449161 | 106.12% | 96.90% | 8.18% | 80.91% | 1.54% | 1.18% |
| 17 | Manjushree Finance Ltd. | 804060 | 999020 | 1063477 | 12.94% | 13.78% | 7307070 | 6550681 | 79.12% | 22.67% | 7.56% | 2.19% | 15.94% | 11.57% |
| 18 | Reliance Finance Ltd. | 832416 | 983246 | 1027942 | 21.53% | 22.51% | 4135375 | 3830377 | 74.57% | 30.24% | 8.16% | 1.97% | 10.45% | 18.91% |
| | **Grand Total** | **12029252** | **14491825** | **15202591** | **18.53%** | **19.44%** | **74531494** | **64300503** | **78.55%** | **31.46%** | **13.94%** | **2.41%** | **8.34%** | **17.64%** |